# सुदूरपश्चिम विश्वविद्यालय
# रजिष्ट्रारको कार्यालय
## महेन्द्रनगर, कञ्चनपुर


प.सं.:

च.नं.:

मितिः २०८०।०६।२१

प्रेस विज्ञप्ति

इजरायल सरकारको Learn and Earn कार्यक्रम अन्तर्गत विभिन्न विश्वविद्यालयवाट इजरायलमा अध्ययनका लागि गएका २६५ जना (कृषि विश्वविद्यालय-११९, त्रि.वि.-९७ र सु.प.विश्वविद्यालय-४९) नेपाली विद्यार्थीहरुमध्ये मिति २०८०/०६/२० गते इजरायलमा नेपाली समय अनुसार विहान ६:३० वजे किवुज अलुमिम लगायतका विभिन्न स्थानमा गरिएको श्रृखलाबद्ध आक्रमणवाट सुदूरपश्चिम विश्वविद्यालयका उक्त समूहमा अध्ययनरत रहेका १७ जना विद्यार्थीहरू सवैभन्दा वढी प्रभावित भएको समाचारप्रति विश्वविद्यालयको गम्भीर ध्यानाकर्षण भएको छ। नेपाल सरकार परराष्ट्र मन्त्रालयको तथ्याङ्क अनुसार प्रभावित १७ जना विद्यार्थीहरूमध्ये हालसम्म १२ जना सम्पर्क विहीन, ३ जना उपचाररत र २ जना सकुशल रहेको जानकारी प्राप्त भएको छ भने अन्य विद्यार्थीहरू सु.प.वि.कृषि विज्ञान सङ्काय तथा आफ्नो परिवारजनहरूसँग सम्पर्कमा रहेको अवस्था छ।

यस विषम परिस्थितिमा विश्वविद्यालयले दुखद् खवर प्राप्त गरे सँगै उपकुलपतिज्यूवाट नेपाल सरकार (प्रधानमन्त्री कार्यालय, परराष्ट्र मन्त्रालय, इजरायल स्थित नेपाली राजदूतावास) तथा नेपाल स्थित इजरायली दूतावास लगायतका विभिन्न कुटनीतिक नियोग एवं सरोकारवाला निकायहरूसँग घटनाको यथार्थ जानकारी तथा उद्धारका लागि निरन्तर पहल एवम् समन्वय गरिरहेको समेत जानकारी गराउंदछौं। विश्वविद्यालयले विद्यार्थीहरूको भविश्यलाई ध्यानमा राखी अन्तराष्ट्रिय स्तरमा सिकाई अनुभव वटुल्ने अभिप्रायले इजरायल सरकारको सिकाइ सँगै आर्जन (Learn and Earn) कार्यक्रम अन्तर्गत ४९ जना विद्यार्थीहरूलाई गत भाद्र महिनामा इजरायलको विकासमा कृषि एवं पशुपालन क्षेत्रले गरेको योगदानलाई नजिकवाट अध्ययन गर्नका लागि विभिन्न ७ वटा समूहहरूमा विभाजन गरी स्थलगत कार्य अगाडि वढीरहेको परिवेशमा दूर्भाग्यवश भएको यस घटनाले हामी सवै मर्माहित भएका छौं। यस दुखद क्षणमा उद्धार कार्यमा सहयोगका लागि नेपाल सरकार, कुटनीतिक नियोगहरू, राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय मानवअधिकारवादी संस्थाहरू लगायतका अन्तर्राष्ट्रिय समुदायसंग हार्दिक अपील गर्दछौं। यस अप्रत्याशित घटनावाट मर्माहित हुनपुगेका अभिभावक तथा आफन्तजनहरूमा संयमता अपनाउन समेत हार्दिक अनुरोध गर्दछौं। साथै यस घटनामा आ-आफनो तर्फवाट सहयोग, समन्वय तथा सहकार्यका लागि सम्पूर्ण राजनैतिक दल, विद्यार्थी, कर्मचारी, प्राध्यापक संघसंगठनहरू एवम् नागरिक समाजमा हार्दिक अपिल गर्दछौं।

२०८०।६।२१

प्रा. यज्ञराज पाठक

रजिष्ट्रार